# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### विकासका लागि मौलिक अवधारणा अवलम्बन गर्नु आवश्यक : गभर्नर डा. नेपाल

(गभर्नर नेपालद्वारा आर.एम.डी.सी.को १७ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन)

गभर्नर डा. चिरंजीबि नेपालले रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेन्टर लिमिटेडको १७ औं वार्षिकोत्सव समारोहलाई २०७२ कात्तिक १३ गते सम्बोधन गर्नुभयो ।




प्रमुख अतिथिका रुपमा सो समारोहमा मन्तव्य व्यक्त गर्दै उहाँले इन्धन संकटका कारण अर्थतन्त्र जटिल अवस्थातर्फ धकेलिएको उल्लेख गर्नुहुँदै मुलुकले अवलम्बन गरेका नीति र कार्यक्रमहरु प्रभावित भएको बताउनु भयो । अर्थतन्त्रको विकासका लागि नयाँ ढंगले सोच्नु पर्नेमा जोड दिँदै उहाँले देश विकासको अवधारणा मौलिक तरिकाले अगाडि बढाउनु पर्ने आवश्यकता माथि प्रकाश पार्नुभयो ।

देशका वर्तमान अधिकांश आर्थिक परिसूचकहरु सकारात्मक रहेको उल्लेख गर्दै गभर्नर नेपालले वर्तमान विदेशी विनिमय सञ्चितिले १० महिनाको आयात धान्न सक्ने अवस्था रहे पनि भविष्यका बारेमा अन्योल कायमै रहेको धारणा राख्नुभयो । विनाशकारी भूकम्पपछिको पुनर्निर्माणले गति लिन नसक्दा सरकारी ढुकुटीको ८४ अर्ब रुपैयाँ खर्च हुन नसकेको जानकारी दिँदै उहाँले विप्रेषणको आगमन उल्लेखनीय रहे पनि त्यसको अपेक्षाकृत उत्पादनशील उपयोग नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

ऊर्जालाई अर्थतन्त्रको एक महत्वपूर्ण पूर्वाधारका रुपमा चित्रण गर्दै गभर्नर डा. नेपालले ऊर्जाको विकास र उपयोग राम्रोसँग हुन नसकेकोले नेपाल आर्थिक क्रियाकलापमा पछि परेको तथ्यमाथि प्रकाश पार्नुभयो । विद्युतीय ऊर्जाको विकास मार्फत इन्धन संकट न्यूनीकरण गर्न सकिने र आत्मनिर्भरताको आधार तयार हुने धारणा व्यक्त गर्नुभयो ।

ऋण प्रवाह गर्ने संस्थाले सोको सही उपयोग गर्ने सम्बन्धमा प्रशिक्षण दिनुपर्ने विचार व्यक्त गर्दै गभर्नर डा. नेपालले स्थानीय स्रोत र साधनको उपयोग गरी लक्षित वर्गलाई स्वावलम्बी बनाउने उद्देश्य राखेका संस्था र कार्यक्रमलाई रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेन्टर लिमिटेडले लगानी विस्तार गर्न उहाँले सुझाव दिनुभयो ।

समारोहमा गभर्नर नेपालले संस्थामा १० वर्ष पूरा गरेका कर्मचारीहरु, पूर्व सञ्चालकहरु र सो संस्थासँग उत्कृष्ट कारोबार गर्ने संस्थाहरुलाई कदरपत्र, प्रशंसापत्र तथा सम्मानपत्र वितरण गर्नुभएको थियो ।

२०७२ कार्तिक १५, आइतबार

गभर्नरको कार्यालय